श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारको निर्णयानुसार नेपाल इन्जिनीयरिङ्ग सेवा, मेकानिकल समूह, पदसङ्केत पा।हा।वि।०६।१ को राजपत्राङ्कित प्रथम श्रेणी हवाइ विभागका महा-निर्देशक श्री लक्ष्मणप्रसाद नेपाललाई निर्माण तथा यातायात मन्त्रालयको सोही सेवा, समूह तथा श्रेणीको समूहीकृत नहुने पूल दरबन्दीमा सरुवा गरिएको छ।

## सूचना २

श्री ५ को सरकारले सिंचाइ विकास समिति (गठन) आदेश, २०३२ को दफा ३ (३) ले दिएको अधिकार प्रयोग गरी सोही आदेशको दफा ३ (२) मा रहेको अध्यक्ष तथा सदस्यहरूमा देहायबमोजिम हेरफेर गरेको छ।

(क) सचिव, जलस्रोत मन्त्रालय — अध्यक्ष
(ख) महानिर्देशक, सिंचाइ तथा जलवायु विज्ञान विभाग — सदस्य
(ग) प्रतिनिधि, कृषि मन्त्रालय — सदस्य
(घ) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय — सदस्य
(ङ) प्रतिनिधि, अर्थ मन्त्रालय — सदस्य
(च) प्रतिनिधि, जलस्रोत मन्त्रालय — सदस्य
(छ) उप-महानिर्देशक, (यस योजनासम्बन्धी काम हेर्ने) सिंचाइ तथा जलवायु विज्ञान विभाग — सदस्य
(ज) प्रोजेक्ट मेनेजर, सिंचाइ विकास समिति — सदस्य-सचिव

आज्ञाले,
मधुसूदन ढकाल
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

६२२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।